नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

आज मिति २०८२/१०/२९ गतेका दिन जिल्ला विपद् व्यवस्थापन समिति डोटीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे नेपालज्यूको अध्यक्षतामा देहायका वमोजिमको उपस्थितिमा समितिको बैठक बसी देहाय वमोजिम निर्णय गरियो ।

**उपस्थितीः**

| सि.नं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री कल्पना घिमिरे नेपाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, डोटी | |
| २. | श्री लक्ष्मण बहादुर सिंह | समन्वय प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय | |
| ३. | श्री कलावती महर (राउत) | का. उप प्रमुख | दिपायल सिलगढी न.पा. | |
| ४. | श्री दिर्घ बहादुर बलायर | नगर प्रमुख | शिखर न.पा. | |
| ५. | श्री धर्मराज जोशी | अध्यक्ष | सायल गा.पा. | |
| ६. | श्री रामप्रसाद उपाध्याय | अध्यक्ष | पूर्वीचौकी गाउँपालिका | |
| ७. | | | के.आई.सिंह गा.पा. | |
| ८. | | | वोगटान् फुडसिल गाउँपालिका | |
| ९. | गणेश ब खड्का | अध्यक्ष | आदर्श गा.पा. | |
| १०. | | | जोरायल गा.पा. | |
| ११. | | | बडीकेदार गा.पा. | |
| १२. | | | नेपाली काँग्रेस | |
| १३. | | | नेपाल कम्युनिष्ट पार्टी एमाले | |
| १४. | श्री चन्द्र [illegible] | के.स.सदस्य | नेपाली कम्युनिष्ट पार्टी | |
| १५. | | | नेपाल कम्युनिष्ट पार्टी, माओवादी | |
| १६. | | | राष्ट्रिय स्वतन्त्र पार्टी | |
| १७. | | | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| १८. | नरेश आले | सह-सचिव | राष्ट्रिय जनमोर्चा, डोटी | |
| १९. | | | नेपाल मजदुर किशान पार्टी | |
| २०. | | | मितेरी नेपाल पार्टी | |
| २१. | श्री महेन्द्र नेपाल | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, डोटी | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्र.स. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| २३. | श्री शिव प्रसाद गैहे | स.प्र.उ. | स.प्र. बल नेपाल नं. ३६ गण हे.क्वा. | |
| २४. | श्री लोक बहादुर बोगटी | सेनानी | नेपाली सेना भैरब प्रसाद गण, डोटी | |
| २५. | श्री ललित नारायण चौधरी | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, डोटी | |
| २६. | श्री भोज बहादुर ऐडी | प्र.अ. | जिल्ला प्रशासन कार्यालय, डोटी | |
| २७. | श्री जित बहादुर राना | प्र.अ. | जिल्ला प्रशासन कार्यालय, डोटी | |
| २८. | श्री डिल्ली रमण जोशी | का.प्र. | खा.का डोटी | |
| २९. | श्री पदमराज जोशी | अध्यक्ष | सिडनेपाल डोटी | |
| ३०. | श्री प्रेम ब. भण्डारी | वरिष्ठ उपाध्यक्ष | डोटी उद्योग वाणिज्य संघ | |
| ३१. | डान ब. ऐर | नै.अ. | मु.तथा मनाधार पव.डी.डोटी | |
| ३२. | सिद्धराज जोशी | प्रदेश सदस्य | नेकपा एमाले | |
| ३३. | लक्ष्मी देउवा बम | कोषाध्यक्ष | गै.स.सं. महासंघ डोटी | |
| ३४. | सरिता ध्याली | अध्यक्ष | दलित महिला संघ फेडो डोटी | |
| ३५. | भानुभक्त गुरुङ | वा.वि.अ. ह.प्रा.टे. | कृषि ज्ञान केन्द्र डोटी | |
| ३६. | अञ्जु कुँवर | प्रा.अ. | पशुसेवा विकास का. डडेलधुरा | |
| ३७. | खड्क ब. खड्का | सभापति | ने.रे.सो. डोटी शाखा | |
| ३८. | गणेश खड्का | सब-इन्जिनियर | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेलधुरा | |
| ३९. | किरण ध्यानी | AFA | CDF नेपाल, डोटी | |
| ४०. | गणेश प्रसाद भट्ट | अधिकृत(तेस्रो) | जलस्रोत तथा सिंचाई वि.डि.का.डोटी | |
| ४१. | सरोज कुमार बुढा | अ.न्य.अ. | जिल्ला अस्पताल, डोटी | |
| ४२. | डीकुल रिजाल | व.डि.व.अ. | डिभिजन वन कार्यालय, डोटी | |
| ४३. | प्रकाश बम | अध्यक्ष | नेपाल पत्रकार महासंघ, डोटी | |
| ४४. | तिलक राज पन्त | वरिष्ठ इन्जिनियर | CDC-Doti | |
| ४५. | तेज ब. जग्गद | एम.ना.नि. | जि.प्रा.प्र. कार्यालय डिपायल डोटी | |
| ४६. | टेक ब नेपाली | कार्यक्रम संयोजक | EDC Doti | |
| ४७. | लिलाधर राज भण्डारी | व.प्रा.अ. | नेपाल टेलिकम, डडेलधुरा | |
| ४८. | देव राज जोशी | कार्यालय प्रमुख | नेपाल खाद्य निगम डोटी, सिलगढी | |

| क्र.सं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| ४८. | कुलदीप बराल | टे.टे. | नेपाल टेलिकम सिलगढी | [signature] |
| ४९. | महेश रावल | टे.टे. | " " दिपायल | [signature] |
| ५०. | रमेशचन्द्र जोशी | कम्प्युटर सहायक | डि.डि.टे.ए. कार्यालय | [signature] |
| ५१. | मित्र ब. बोहरा | ना.सु. | जिल्ला प्रशासन का. डोटी | [signature] |
| ५२. | | | | |
| ५३. | | | | |
| ५४. | | | | |
| ५६. | | | | |
| ५७. | | | | |
| ५८. | | | | |
| ५९. | | | | |
| ६०. | | | | |
| ६१. | | | | |
| ६२. | | | | |
| ६३. | | | | |
| ६४. | | | | |
| ६५. | | | | |
| ६६. | | | | |
| ६७. | | | | |
| ६८. | | | | |
| ६९. | | | | |
| ७०. | | | | |
| ७१. | | | | |
| ७२. | | | | |
| ७३. | | | | |

बैठकमा छलफलका प्रस्तावहरु:

१. अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा,
२. वन डढेलो कार्ययोजना स्वीकृत गर्ने,
३. मनसुनजन्य विपद् लगायत अन्य विपद्का घटनाका पिडितहरुलाई प्रदान गरिएको राहात रकम अनुमोदन गर्ने,
४. निर्वाचनको समयमा पेट्रोल, डिजेलको नियमित आपूर्ति,
५. जिल्लाका विभिन्न पालिका रहेको ईन्टरनेट, विद्युतको समस्या,
६. निर्वाचनको समयमा मतपेटिका ढुवानी गर्नको लागि ग्रामिण सडकको अवस्था सुधार तथा सवारी साधनहरुमा क्षमता भन्दा बढी यात्रुहरु राखि ओसारपसार र प्रचारप्रसार गर्ने कार्य नियन्त्रण,
७. निर्वाचनको समयमा अस्पताल र अत्यावश्यक सेवाको सञ्चालन तथा त्यस्ता सेवामा कार्यरत कर्मचारीलाई निर्वाचनमा नखटाउने सम्बन्धमा,
८. आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको समयमा हुन सक्ने दुर्घटना, झगडा लगायत अन्य कुनै आकस्मिक घटनाको लागि एम्बुलेन्स लगायतका सामाग्रीहरु तयारी अवस्थामा राख्ने,
९. विविध समसामयिक विषयहरु।

**जिल्ला विपद् व्यवस्थापन समिति, डोटीको मिति २०८२/१०/२९ गते बसेको बैठकका निर्णयहरु:-**

१. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं.९३९, मिति २०८२/१०/०९ गतेको पत्रसाथ कार्यान्वयनको लागि पठाईएको वन डढेलो नियन्त्रण तथा रोकथाम राष्ट्रिय कार्ययोजना, २०८२ को सम्बन्धमा बैठकमा उपस्थित सबैलाई जानकारी गराईयो। साथै सो कार्ययोजना सबै स्थानीय तह, सुरक्षा निकाय, सम्बद्ध सरकारी तथा गैरसरकारी संघ/संस्था र अन्य सरोकारवाला पक्षहरुलाई पठाउने र सोको सबैले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने।

२. वन डढेलो नियन्त्रण तथा रोकथाम राष्ट्रिय कार्ययोजना, २०८२ लाई आधार मानी डिभिजन वन कार्यालय, सुरक्षा निकाय र सम्बद्ध सरोकारवाला निकायबाट प्राप्त सुझाव सहित तयार गरिएको जिल्लास्तरीय वन डढेलो नियन्त्रण तथा रोकथाम कार्ययोजना, २०८२ स्वीकृत गरी सम्बद्ध सबैले प्रभाकारीरुपमा कार्यान्वयन गर्ने/गराउने। साथै सो को जानकारी गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम तथा न्यूनीकरण प्राधिकरण र आन्तरिक कानुन तथा न्याय मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी, कैलालीमा पठाउने निर्णय गरियो।

प्रमुख जिल्ला अधिकारी

३. वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी सूचनामूलक सन्देश र जानकारी भएको विषयवस्तुहरु समेटेर स्थानीय पाठ्यक्रममा समावेश गर्न जिल्ला स्थित सबै स्थानीय तहलाई अनुरोध गर्ने। वनजङ्गलमा हुने आगलागी, वन्यजन्तुको चोरी सिकारी नियन्त्रण गर्न तथा वन्यजन्तुहरुको आक्रमणबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको सम्बन्धमा स्थानीय पालिका र विद्यालयहरुसँग समन्वय गरी सम्बद्ध सरोकारवाला निकायको सहभागितामा सचेतनामुलक कार्यक्रम गर्ने। साथै सुरक्षा निकायले आपसी समन्वयमा जिल्ला स्थित पालिकामा सो सम्बन्धी कृत्रिम अभ्यास(Simulation) गर्ने।

४. डोटी जिल्लाको धेरैजसो भु-भाग वनजङ्गलले ढाकेको तथा ग्रामीण भेगमा स्थानीय वासिन्दाहरुका घरहरु लहरै जोडिएर बनेको सन्दर्भलाई मध्यनजर गर्दै विभिन्न कारणले आगलागी हुँदा जोडिएका सबै घरहरुमा क्षति पुग्ने अवस्था रहेको तथा यस्ता घटनाको तत्काल नियन्त्रण गर्न जिल्लामा एउटा मात्र दमकल रहेकोले ९ वटै स्थानीय तहमा तुरुन्तै वन डढेलो नियन्त्रण तथा आगलागीका घटना नियन्त्रण गर्न समस्या रहेको हुँदा जिल्ला विपद् व्यवस्थापन समितिसँग रहने गरी एक थान दमकल उपलब्ध गराईदिन सुदूरपश्चिम प्रदेश सरकार, आन्तरिक कानुन तथा न्याय मन्त्रालयलाई अनुरोध गर्ने।

५. मनसुनजन्य विपद् तथा भुकम्पबाट प्रभावित पुनः निर्माण लाभग्राहीहरुलाई स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको प्रथम, दोस्रो र तेस्रो किस्ताको प्रदेशतर्फको रकमको निकासाका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने।

६. पूर्वीचौकी गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएका ११८१ जना भुकम्प पिडितहरुलाई लाभग्राही कायम गर्न स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गरिदिन अनुरोध भएको हुँदा उल्लेखित पालिकाका भुकम्प पिडितलाई लाभग्राही कायम गरी प्रथम किस्ताको रकम निकासा गर्नका लागि प्राधिकरणमा सिफारिस गरी पठाउने।

७. शिखर नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिबाट देहायका मनसुनजन्य लाभग्राहीहरुको दोस्रो तथा तेस्रो किस्ताको रकम निकासाको लागि सिफारिस भई आएकोले सो रकमलाई जिल्ला विपद् व्यवस्थापन समितिबाट निकासाका लागि स्वीकृत गर्ने।

देहायः

| क.सं. | नामथर | ठेगाना |
|---|---|---|
| १. | श्री नर बहादुर बलायर | शिखर नगरपालिका ११ डोटी |
| २. | श्री कमली देवी बलायर | शिखर नगरपालिका ११ डोटी |
| ३. | श्री दुर्गी बलायर | शिखर नगरपालिका ०८ डोटी |
| ४. | श्री चन्द्र बहादुर बलायर | शिखर नगरपालिका ०२ डोटी |

प्रमुख जिल्ला अधिकारी

८. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट लाभग्राही कायम भई आएका जोरायल गाउँपालिकाका भुकम्प प्रभावित लाभग्राहीहरुको प्रवलीकरण र पुनःर्निर्माण तर्फको पहिलो किस्ता वापतको जम्मा १६ जना लाभग्राहीको रु. ५, ५०,०००।- बराबरको रकम सम्बन्धित लाभग्राहीहरुलाई वितरण गर्ने।

९. सहजपुर-बोगटान सडक खण्डको पातली खेत देखि टुनागाड पुलसम्मको लगभग २ कि.मि.जति सडक अत्यन्त साघुरो र जोखिमयुक्त रहेकोले निर्वाचन मतपेटिका ढूवानी कार्यमा सहजता ल्याउनका लागि सो सडक खण्डको तत्काल मर्मत सुधार गर्न पूर्वाधार विकास कार्यालय, डडेल्धुरालाई अनुरोध गर्ने।

१०. जिल्लाको मुख्य बजार क्षेत्र दिपायल सिलगढी नगरपालिका वडा नं. ४ को पिपल्ला बजार क्षेत्र र वडा नं. ६ को सिलगढी बजार क्षेत्रमा रहेको अव्यवस्थित सवारी साधनको पार्किङ्ग लगायत ट्राफिक व्यवस्थापनको सम्बन्धमा तत्काल समस्या हल गर्नका लागि उद्योग वाणिज्य संघ, डोटीको प्रतिनिधि संयोजक रहने गरी देहायका कार्यालय/संघ, संस्था/समितिका प्रतिनिधि सदस्य रहेको उपसमिति गठन गर्ने।

| | | |
|---|---|---|
| ▪ उद्योग वाणिज्य संघ, डोटी | प्रतिनिधि | -संयोजक |
| ▪ जिल्ला ट्राफिक कार्यालय | प्रतिनिधि | -सदस्य |
| ▪ जिल्ला प्रशासन कार्यालय | प्रतिनिधि | -सदस्य |
| ▪ जिल्ला प्रहरी कार्यालय | प्रतिनिधि | -सदस्य |
| ▪ दिपायल सिलगढी नगरपालिका | प्रतिनिधि | -सदस्य |
| ▪ नेपाल पत्रकार महासंघ | प्रतिनिधि | -सदस्य |
| ▪ यातायात व्यवस्था कार्यालय | प्रतिनिधि | -सदस्य सचिव |

११. आसन्न प्रतिनिधि सभा निर्वाचनलाई सभ्य, निष्पक्ष र मर्यादित बनाउन उम्मेदवारी दिएका राजनीतिक दलका उम्मेदवारहरुबाट हुने चुनावी प्रचारप्रसारमा प्रयोग गरिने सवारी साधनहरुमा क्षमता भन्दा बढी यात्रु राखी घरदैलो, र्‍याली, आमसभा जस्ता कार्यक्रमहरु गर्ने गरिएको विगतको अनुभवलाई मध्यनजर गर्दै जिल्लामा क्रियाशील सबै राजनीतिक दलहरुलाई आ-आफ्ना कार्यक्रम सभ्य र मर्यादित तरिकाले गर्न/गराउन अनुरोध गर्ने। साथै त्यस्ता कार्यक्रममा हुन सक्ने झै-झगडा, दूर्घटना एवम् गैरकानूनी क्रियाकलाप नियन्त्रण गर्न जिल्लास्थित सुरक्षा निकाय, ट्राफिक प्रहरी लगायत सम्बद्ध सबै सरकारवाला पक्षहरुबीच समन्वय, सहकार्य र सूचना आदानप्रदान गर्ने।

१२. आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको नाममा खुला तथा अनियन्त्रित रुपमा पेट्रोलियम पदार्थकको किनवेच गर्ने कार्यलाई निरुत्साहित गर्नुको साथै न्यूनतम मौज्दात राखि बिक्रि वितरण गर्न/गराउन यस जिल्लामा सञ्चालनमा रहेका प्रेट्रोल पम्पहरु र नेपाल आयल निगम शाखा कार्यालय, डोटीलाई अनुरोध गर्ने। साथै बजारमा प्रेट्रोल/डिजेलको अभाव तथा कालोबजार हुन नदिन नेपाल प्रहरीले सुक्ष्म निगरानी राख्ने।

प्रमुख जिल्ला अधिकारी

१३. नेपाल टेलिकमले प्रवाह गर्ने दुरसञ्चार सेवा आदर्श, सायल, बडीकेदार, बोगटान लगायत स्थानीय तहहरुमा गुणस्तरीय रुपमा प्रवाह हुन नसक्दा फोन नलाग्ने, फोन लागि हाले पनि आवाज प्रष्ट नसुनिने, सम्पर्क नै नहुने, ईन्टरनेट नचल्ने, Internet Slow भई Server Down हुने, सामान्य सेवा लिन समेत लामो समय पर्खिनु पर्ने लगायतका गुनासो स्थानीय बासिन्दाहरुबाट पटक पटक लिखित र मौखिक गुनासाहरु यस कार्यालयमा प्राप्त भएकोले यस्ता समस्याहरु स्थानीय शाखा कार्यालयबाट समाधानका हुन नसक्ने देखिएकोले आवश्यक सहयोगका लागि नेपाल टेलिकम शाखा कार्यालय, डोटी र डडेल्धुरा मार्फत सहयोगका लागि सुदुरपश्चिम प्रदेश सरकार र वायरलेस निर्देनालय बबरमहल, काठमाडौंलाई अनुरोध गर्ने।

१४. जिल्लामा समय समयमा विद्युत अनियमित भई सेवाग्राहीहरुले सास्ति बेहोर्नु परेको अवस्थालाई मध्यनजर गर्दै सो तर्फ नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय, डोटीले विद्युत नियमित आपूर्ति कार्य प्रभावकारी बनाउने र स्तरोन्नतिको क्रममा आउन सक्ने अवरुद्धको जानकारी समयमै सेवाग्राहीलाई दिने।

१५. आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जिल्लाका ग्रामीण भेगबाट मतपेटिका सहजरुपमा ढुवानी गर्ने कार्यलाई सहयोग पुग्ने उद्देश्यले स्थलगत अनुगमन तथा स्थानीय जनप्रतिनिधिहरुसँग समन्वय गरी तत्काल सडक सुधारको कार्य गर्न सडक डिभिजन कार्यालय, डोटीलाई अनुरोध गर्ने।

१६. आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतपेटिका ढुवानी गर्न सवारी साधनको आवश्यकता पर्ने भएकोले सो को लागि जिल्लास्थित यातायात व्यवसायी समितिहरुलाई भाँडामा दिन सकिने आफ्ना सवारी साधनहरुको विवरण र भाडाँदर पठाउन अनुरोध गर्ने।

१७. आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनजर गरी जिल्लास्थित सरकारी कार्यालयमा उपलब्ध सवारी साधनलाई मर्मत गरी चालक सहित दुरुस्त हालतमा राख्ने तथा निर्वाचनको समयमा सुरक्षा र स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गरी वारुणयन्त्र र एम्बुलेन्सहरु तयारी हालतमा राख्ने।

१८. सरकारी, सामुदायिक तथा निजी अस्पतालहरु निर्बाध रुपमा सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य कार्यालयले सुनिश्चित गर्ने र सबै निकायहरुमा रहेका सवारी साधन, दमकल, एम्बुलेन्स समयमै मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने र निर्वाचनको काममा माग भएका बखत तत्काल उपलब्ध गराउने व्यवस्था सबै निकाय तथा कार्यालयहरुले मिलाउने। साथै निर्वाचनको अवधिमा अत्यावश्यक सेवामा कार्यरत कर्मचारीहरुलाई निर्वाचनमा नखटाउने र खटाउनै पर्ने अवस्था सिर्जना भएमा सेवा अवरुद्ध नहुने सुनिश्चितता गरी निर्वाचन खटाउने व्यवस्था मिलाउने।

१९. मिति २०८२/१०/२९ गतेसम्म विभिन्न विपद्जन्य घटनाबाट प्रभावित भई उल्लेखित मितिमा निवेदन दिएका देहायका व्यक्तिलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट राहत स्वरुप वितरण गरिएको रकम अनुमोदन गर्ने निर्णय गरियो।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, डोटी

# विपद् पीडित उद्दार र राहत प्राप्तकर्ताको विवरण

| क्र.सं. | निवेदन मिति | घटना मिति | प्रभावितहरुको नाम,थर | स्थानीय तह | वडा नं. | विपद्को किसिम: आगलागी | विपद्को किसिम: झाडापखाला/झाबाहुरी | विपद्को किसिम: अविरल वर्षा | क्षतिको विवरण: पूर्ण | क्षतिको विवरण: आंशिक | क्षतिको विवरण: विवरण | भुक्तानी भएको राहत रकम रु. | भुक्तानी कोड | गोश्वारा भौचर नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०८२.०४.२९ | २०८२.०४.१८ | किडीदेवी साउँद | दिपायल सिलगढी | ८ | | | १ | | १ | छाना भत्केको | २००० | ८१५ | २ |
| २ | २०८२.०४.२६ | २०८२.०४.२३ | पुजा रावल | शिखर | १० | | | १ | | १ | घरको वाल भत्केको | ३००० | ८१६ | २ |
| ३ | २०८२.०५.१० | २०८२.०३.२२ | इसरा दमाइ | दिपायल सिलगढी | ९ | | | १ | १ | | घर भत्केको | १५००० | ८१७ | २ |
| ४ | २०८२.०५.०३ | २०८२.०४.१२ | राम दमाइ/नरेश नेपाली | सायल गा.पा. | १ | | | १ | | १ | घरको पछाडीको भित्ता भत्केको | १२००० | ८१८ | २ |
| ५ | २०८२.०५.१८ | २०८२.०५.०६ | सत्ती देवी लुहार | सायल गा.पा. | ५ | | | १ | | १ | घरको जुवा भत्केर छानामा क्षती | ३००० | ८१९ | २ |
| ६ | २०८२.०५.०९ | २०८२.०५.०२ | कृष्णादेवी खड्का | आदर्श | १ | | | १ | | १ | छाना भत्केको | ४००० | ८२० | २ |
| ७ | २०८२.०५.१८ | २०८२.०५.१६ | शेखर खड्का/सिता देवी खड्का | दिपायल सिलगढी | २ | | | १ | १ | १ | घर भत्केको | १२००० | ८३० | ५ |
| ८ | २०८२.०५.२३ | २०८२.०५.१४ | धर्म सिं कुन्जेडा | दिपायल सिलगढी | ७ | | | १ | | १ | छाना भत्केको | ५००० | ८२२ | २ |
| ९ | २०८२.०५.२४ | २०८२.०५.१८ | बहादुरे ढोली | आदर्श | ३ | | | १ | | १ | टिनले छाएको कोठा भत्केको | ८००० | ८२३ | २ |
| १० | २०८२.०६.०५ | २०८२.०५.१६ | देव सिंह/ गौमती सिंह | सायल गा.पा. | ४ | | | १ | | १ | घर भत्केको | १०००० | ८२४ | २ |
| ११ | २०८२.०६.०७ | २०८२.०५.१८ | परी विष्ट | सायल गा.पा. | ४ | १ | | | | १ | अन्नपात जलेको | १००० | ८२९ | ५ |
| १२ | २०८२.०६.०५ | २०८२.०५.२९ | कालु भुल/ शेर बहादुर रैकाल | शिखर | ६ | | | १ | | १ | घरको पछाडीको भित्ता भत्केको | १०००० | ८२५ | २ |
| १३ | २०८२.०६.११ | २०८२.०६.१२ | प्रेम बहादुर विष्ट/ महेश्वरी खाती विष्ट | सायल गा.पा. | ४ | | | १ | १ | | पहिरोमा खसी छोरीको मृत्यू | २००००० | ८२८ | ४ |
| १४ | २०८२.०६.२३ | २०८२.०४.२३ | लक्ष्मी भूल / रतन ब कामी | शिखर | ६ | | | १ | | १ | घरको छानो भत्किएको | १२००० | ८३१ | ५ |
| १५ | २०८२.०६.१० | २०८२.०५.१६ | नन्ना थापा/ हरिदा देवी थापा | सायल गा.पा. | २ | | | १ | | १ | घरको भित्ता र छाना भत्केको | ८००० | ८३२ | ५ |
| १६ | २०८२.०६.२४ | २०८२.०६.२३ | महेश त्रिखत्री | दिपायल सिलगढी | ५ | १ | | | | १ | घरको माथिल्लो तला जलेर नष्ट भएको | २०००० | ८३३ | ५ |
| १७ | २०८२.०६.२१ | २०८२.०६.०६ | खलि थापा | सायल गा.पा. | ३ | | | १ | | १ | घर भत्केर खाद्यान्न लगायत पशु चौपायको मृत्यू | १५००० | ८३४ | ५ |
| १८ | २०८२.०६.२६ | २०८२.०५.०२ | ठगी लुहार | शिखर | ६ | | | १ | | १ | घर भत्केर खाद्यान्न नष्ट | १३००० | ८४५ | ६ |
| १९ | २०८२.०७.१५ | २०८२.०६.१७ | तुले लोहार/ जगदिश नेपाली | आदर्श | ७ | | | १ | | १ | घर भत्केर खाद्यान्न नष्ट | १३००० | ८४६ | ६ |
| | | | | | | | | | | | जम्मा | ३९१००० | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

प्रमुख जिल्ला अधिकारी